# धुलिखेल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धुलिखेल, काभ्रेपलाञ्चोक
## ३ नं. प्रदेश

# न्यायिक समिति सदस्य निर्वाचन कार्यविधि, २०७४

# न्यायिक समिति सदस्य निर्वाचन कार्यविधि, २०७४

**१. नाम र प्रारम्भ**: १. यो कार्यविधिको नाम धुलिखेल नगरपालिकाको न्यायिक समिति निर्वाचन कार्यविधि, २०७४ रहने छ |

२. यो कार्यविधि नगरसभाबाट पारित गरी लागू गरिने छ |

**२. परिभाषा:**

(क) "नगरपालिका" भन्नाले धुलिखेल नगरपालिका सम्झनु पर्छ |

(ख) "निर्वाचन अधिकृत" भन्नाले दफा ५ वमोजिमको निर्वाचन अधिकृत सम्झनु पर्छ |

(ग) "सभा" भन्नाले धुलिखेल नगर सभा सम्झनु पर्छ |

(घ) "सदस्य" भन्नाले धुलिखेल नगर सभाको सदस्य सम्झनु पर्छ |

**३. न्यायिक समिति**: नेपालको संविधानको धारा २१७ वमोजिम नगर उपप्रमुख संयोजक र नगर सभाका सदस्य मध्येबाट निर्वाचित २ सदस्य सहितको न्यायिक समिति रहनेछ |

**४. न्यायिक समितिको सदस्यको योग्यता:**

क. धुलिखेल नगर सभाको सदस्य रहेको
ख. प्रचलित कानुन वमोजिम अयोग्य नभएको

**५. निर्वाचन अधिकृत:** न्यायिक समिति सदस्य निर्वाचनका लागि प्रमुख प्रशासकीय अधिकृतले निर्वाचन अधिकृतको रुपमा कार्य गर्नेछ।

**६. कर्मचारीको व्यवस्था:** निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने अन्य जनशक्ति निर्वाचन अधिकृतले नगर कार्यपालिकाका कर्मचारीहरु मध्येबाट आवश्यक संख्यामा परिचालन गर्न सक्ने छ |

**७. निर्वाचन कार्यक्रम:** निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम **अनुसूची -१** बमोजिम तालिका बनाई न्यायिक समिति सदस्यको निर्वाचन संचालन गर्ने छ |

**८. मनोनयन दर्ता शुल्क:** मनोनयन दर्ता शुल्क निर्वाचन अधिकृतले तोकेबमोजिम हुनेछ।

**९. मतदाता:** न्यायिक समिति सदस्यको निर्वाचनका लागि नगरसभाका सम्पूर्ण सदस्यहरु मतदाता हुनेछन् |

**१०. कार्यक्रम प्रकाशित गर्नुपर्ने:** निर्वाचन अधिकृतले मतदाता नामावली तथा निर्वाचन कार्यक्रम तालिका प्रकाशन गर्ने छ |

**११. फारम तथा निर्वाचन कागजात:** निर्वाचनका लागि आवश्यक पर्ने उम्मेदवारको मनोनयन पत्रको ढांचा लगायत मुचुल्काहरु र अन्य आवश्यक कागजातहरु निर्वाचन अधिकृतको कार्यालयले तयार गर्ने छ |

**१२. प्रचलित कानुन बमोजिम हुने:** न्यायिक समितिको निर्वाचन सम्बन्धी थप प्रक्रियाहरु निर्वाचन अधिकृतले नेपालको प्रचलित निर्वाचन कानुनलाई आधारमानी संचालन गर्नु पर्ने छ |

**१३. निर्वाचित भएको प्रमाणपत्र:** निर्वाचित प्रतिनिधिहरुलाई **अनुसूची -२** बमोजिमको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ |

**१४. न्यायिक समितिको सपथ**: न्यायिक समितिका सदस्यले समितिका संयोजक (उपप्रमुख) समक्ष पद तथा गोपनियाताको सपथ ग्रहण गर्नु पर्ने छ | सपथ ग्रहणको ढाँचा **अनुसूची-३** बमोजिम हुनेछ |

**१५. न्यायिक समितिको कार्यक्षेत्र र कार्यारम्भ:**

१. न्यायिक समितिको काम, कर्तव्य र अधिकार नेपालको संविधान र प्रचलित कानुन बमोजिम हुनेछ |

२. न्यायिक समितिले प्रचलित कानुनले तोके बमोजिम कार्य सम्पादन र कार्यारम्भ गर्नेछ |

**१६. संशोधन**: यस कार्यविधिको संशोधन गर्नु परेमा नगर कार्यपालिकाको सिफारिसमा नगर सभाले गर्नेछ ।

**१७. खारेजी र बचाउ**: यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र बाँकी विषय प्रचलित कानुन वमोजिम हुने छ |

**(अनुसूची -१ )**

| क्र.स. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन | | | | | | |
| २ | मतदाता नामावली संशोधन | | | | | | |
| ३ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| ४ | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सुची प्रकाशन गर्ने | | | | | | |
| ५ | उम्मेदवारको बिरोधमा उजुरी दिने | | | | | | |
| ६ | मनोनयनपत्र र उजुरी उपर जांच बुझ गरी निर्णय गर्ने | | | | | | |
| ७ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |
| ८ | उम्मेदवारको नाम फिर्ता लिने | | | | | | |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| १० | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| ११ | मतदान गर्ने | | | | | | |

**अनुसूचि-२**
धुलिखेल नगरपालिका
निर्वाचन अधिकृतको कार्यालय
धुलिखेल, काभ्रे

# प्रमाण-पत्र

धुलिखेल नगरपालिका, न्यायिक समिति सदस्य निर्वाचन कार्यविधि, २०७४ को दफा १३ बमोजिम मिति.................................... मा भएको निर्वाचनमा तपाई श्री ............................................... न्यायिक समिति सदस्य पदमा निर्वाचित हुनु भएकोले यो प्रमाण पत्र प्रदान गर्दछु । यहाँको सफल कार्यकालको लागि हार्दिक शुभकामना ।

मिति : ................................

(..........................)
**निर्वाचन अधिकृत**

**अनुसूचि-३**
**दफा १४ संग सम्बन्धित**
**सपथग्रहण**

म...................................................................यो सपथ लिन्छु कि म देश र सम्पूर्ण नेपाली जनताको हितलाई सर्वोपरि राखी लोकतन्त्र र राष्ट्रियताको सम्वर्द्धन र संरक्षणको साथै यस नगरका नागरिकहरुको हित र न्यायिक अधिकारका लागि सदा सर्वदा लागिरहने छु । म नगरपालिकाको ऐन, नियम, उद्देश्य र कार्यक्रमप्रति प्रतिवद्ध रही न्यायिक समितिको काममा सधैं दृढतापूर्वक उभिनेछु । न्यायिक मान्य सिद्धान्त तथा आचरणको कडाइका साथ पालना गर्नेछु र आवश्यक गोपनीयताको संरक्षण गर्नेछु ।

नाम, थर :

ठेगाना :

पद :

दस्तखत :

मितिः